मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
कलैया, बारा

फोन नं.: ०५३‑५५००१७
फ्याक्स नं.: ०५३‑५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

प.सं.:- ०८०।८१
च.नं.:- २६६

मिति:-२०८०।१२।१६

विषय:- सूचना टाँस सम्बन्धमा ।

श्री स्थानीय तह सबै
बारा।

उपर्युक्त सम्बन्धमा यसै पत्र साथ संलग्न सूचना ताहाँ कार्यालयको सुचना पाटीमा टाँस गरि सोको जानकारी समेत पठाईदिन हुन व्यहोरा अनुरोध छ।

..............................
(राजनारायण प्रसाद साह )
नि. प्रमुख

राजनारायण प्र. साह
निमित प्रमुख

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र**

कलैया, बारा

फोन नं.: ०५३□५५००१७
फ्याक्स नं..: ०५३□५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

## कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८०।१२।१६)**

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यबिधि २०७६" र "कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०८०" मा व्यवस्था भए बमोजिम आ.ब. २०८०।८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस जिल्लाका ईच्छुक कृषि उत्पादनमा संलग्न कृषक/कृषक समुह/कृषि सहकारी/फर्म/उद्यमी/कम्पनीहरुले आफुलाई आवश्यक तपसिल अनुसारको कार्यक्रमहरुको लागी तोकिएको ढाँचामा आवश्यक कागजातहरु सलग्न राखी २०८०।१२।३० गते कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्र बारा, कलैयामा आई पुग्ने गरी प्रस्ताव पेश गर्नको लागी यो सुचना प्रकाशन गरिएको छ ।तल उल्लेखित कार्यक्रमहरुको निवेदनको ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेबसाईट https://bara.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | लक्षित सेवाग्राहीहरु | संचालन हुने कार्यहरु | अधिकतम अनुदान प्रतिशत वा रकम |
|---|---|---|---|---|
| १ | प्राङ्गारिक मल प्रवर्द्धन कार्यक्रम | कृषि उत्पादनमा संलग्न कृषक/कृषक समुह/कृषि सहकारी/फर्म/उद्यमी/कम्पनी | प्राङ्गारिक मल वितरण हुने | अधिकतम ७५ प्रतिशत |
| २ | हरुवा चरुवा दलित लगायत लक्षित वर्गको जिविकोपार्जनको लागि १०० प्रतिशत अनुदानमा सामुहिक खेती कार्यक्रम | हरुवा, चरुवा, दलित लगायतका लक्षित वर्गमात्र | कृषि प्रविधि र कृषि सामाग्री प्रदान गरिने | कार्यक्रमको नर्मस बमोजिम |
| ३ | एक टोल सामुहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन, एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रम | कृषि उत्पादनमा संलग्न कृषक समुह/कृषि सहकारी | मसिनो तथा वास्नादार धान बालीमा कम्तीमा १५० हेक्टरमा स्थानीय तहको सीफारिसमा एक वडा एक उत्पादन क्षेत्र कायम गरी सामुहिक कृषि उत्पादन कार्यक्रम संचालन गरिने | कृषि क्षेत्रमा अनुदान परिचालन कार्यबिधि २०७६मा तोके बमोजिम हुने |

आवश्यक कागजातहरु

१. कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. कृषक समूह/कृष सहकारी/कृषि फार्म/कम्पनीको हकमा दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपी / आ.ब. २०७९।८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. कृषक समूह/कृषि सहकारीको हकमा कार्यक्रम माँग गर्ने कार्य समितिको निर्णय/ कार्यक्रम संचालन सम्बन्धि सम्पूर्ण काम काज गर्न प्रतिनिधी तोकिएको निर्णय तथा अख्तियारी प्राप्त व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
४. हरुवा, चरुवा, र दलितको हकमा सम्बन्धित निकायले प्रदान गरेको प्रमाणपत्रको प्रतिलिपि।
५. कार्यक्रम संचालनको लागि जग्गाधनी पूर्जाको प्रतिलिपी

नोट: कार्यक्रम सम्बन्धि कुनै किसिमको जानकारी लिनुपर्ने भएमा यस कार्यालयमा वा ९८६५१०९०९३ मा कार्यालय समय भित्र सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिने छ।

राजनारायण प्र. साह
निमित प्रमुख

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
**कलैया, बारा**

फोन नं.:०५३‌‌□५५००१७
फ्याक्स नं.: ०५३□५५१२१७
ईमेल: dado.bara@yahoo.com
वेबसाईट:- https://bara.akc.gov.np

## कृषि यन्त्र उपकरणमा अनुदानको लागि निवेदन आव्हान सम्बन्धि सुचना

**(प्रथम पटक प्रकाशित मिति २०८०।१२।१६)**

यस कृषि ज्ञान केन्द्र, बाराबाट चालू आ.व. २०८०/८१ मा संचालन हुने कृषि यन्त्र उपकरणमा अनुदान (स्वोचालित कृषि यन्त्र तर्फ पावरिटलर र धान काटने मेशीन –- रिपर ) कार्यक्रमका लागि यस बारा जिल्लाभित्रका योग्य इच्छुक सेवाग्राहीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८०।१२।३० गते सम्म) यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन दिनु हुन यो सुचना प्रकाशन गरिएको छ। निवेदनको ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेबसाईट http://bara.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | लक्षित सेवाग्राही |
|---|---|---|---|
| १ | कृषि यन्त्र उपकरणमा अनुदान (स्वोचालित कृषि यन्त्र तर्फ पावरिटलर र धान काटने मेशीन — रिपर ) | ५० | कृषक/कृषि समूह/ कृषि सहकारी/ कृषि उधमी/ वीउ व्यवसायी/कम्पनी/सहकारी |

आवश्यक कागजातहरु

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु १० को टिकट टाँस गरि निवेदन दिनु पर्नेछ।
२. कृषक समूह/कृषि सहकारी/उधमीको हकमा दर्ता प्रमाण पत्रको प्रतिलीपी,आ.व.२०७९/८० को कर चुक्ता प्रमाण पत्र, समूह तथा सहकारीको PAN दर्ता प्रमाण पत्र, सम्बन्धित समूह/सहकारीको कार्यक्रम माँग सम्बन्धि निर्णय पेश गर्नुपर्नेछ।
३. कृषक समूह तथा सहकारीको हकमा प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीको अख्तियारी पत्र तथा नागरिकताको प्रमाणपत्रको प्रतिलीपी पेश गर्नुपर्नेछ।
४. कृषक समूह /सहकारी/उधमीको हकमा कम्तिमा १० विग्घाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी तथा कृषकको हकमा कम्तिमा ३ विग्घा जग्गा भएको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी
५. कृषकको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।

राजनारायण प्र. साह
निमित प्रमुख